दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २१४ | बुटवल | २०८३ साउन २८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday August 13, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# डाक्टर अभावले थलियो प्यूठान अस्पताल

**पर्याप्त विशेषज्ञ चिकित्सक नहुँदा जोखिममा रहेका गर्भवती महिलाको शल्यक्रियामार्फत् प्रसूति गराउने सेवा नै ठप्प भएको छ।**

**लवकुमार अधिकारी**
*प्यूठान*

जिल्लाको प्रमुख सरकारी स्वास्थ्य संस्था जिल्ला अस्पताल प्युठान चिकित्सक अभावका कारण गम्भीर समस्यामा परेको छ। पर्याप्त विशेषज्ञ चिकित्सक नहुँदा अस्पतालमा आउने बिरामीले सहज उपचार पाउन सकेका छैनन् भने जोखिममा रहेका गर्भवती महिलाको शल्यक्रियामार्फत् प्रसूति गराउने सेवा नै ठप्प भएको छ।

जिल्लामै उपलब्ध हुनुपर्ने प्रसूति तथा आकस्मिक उपचार सेवा प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा बिरामी र उनीहरूका आफन्त महँगो खर्च गरेर बुटवल, दाङ र काठमाडौंका अस्पताल धाउन बाध्य भएका छन्। विशेषगरी जटिल अवस्थाका गर्भवती महिलालाई समयमै शल्यक्रिया आवश्यक पर्ने भए पनि जिल्ला अस्पतालमा सेवा उपलब्ध नहुँदा बाहिर रेफर गर्नुपर्ने अवस्था आएको हो।

स्थानीयका अनुसार सरकारी अस्पतालमा सामान्यदेखि जटिल अवस्थासम्मका बिरामीको उपचार हुने अपेक्षा गरिए पनि चिकित्सक अभावले अस्पतालको सेवा दिनप्रतिदिन कमजोर बन्दै गएको छ। जिल्लाको एकमात्र प्रमुख सरकारी अस्पतालमै आवश्यक विशेषज्ञ सेवा नपाएपछि आर्थिक अवस्था कमजोर भएका परिवारसमेत ऋण खोजेर बाहिर उपचार गराउन बाध्य छन्।

**विशेषज्ञ टोली फिर्ता गएपछि समस्या झन् गम्भीर**

जिल्ला अस्पतालमा चिकित्सक अभावको समस्या अहिले अचानक सिर्जना भएको होइन। यसअघि निक साइमन्स इन्स्टिच्युटको सहयोगमा अस्पतालमा १७ जना जनशक्तिले विभिन्न क्षेत्रमा सेवा दिँदै आएका थिए। तर गत असार ३२ गते इन्स्टिच्युटले आफ्ना विशेषज्ञ टोली फिर्ता लगेपछि अस्पतालमा चिकित्सकको अभाव थप चर्किएको हो।

निक साइमन्स इन्स्टिच्युटले आफ्नो टोली फिर्ता गर्नेबारे अस्पताललाई करिब एक वर्षअघि नै जानकारी गराएको बताइन्छ। लामो समयअघि नै विशेषज्ञ जनशक्ति फिर्ता हुने जानकारी हुँदाहुँदै पनि त्यसको विकल्पमा आवश्यक चिकित्सकको व्यवस्था गर्न नसकिएको भन्दै अस्पताल प्रशासन र प्रदेश सरकारप्रति स्थानीयले प्रश्न उठाएका छन्। 'एक वर्षअघि नै चिकित्सक फिर्ता जाने जानकारी थियो भने त्यसबीचमा वैकल्पिक जनशक्तिको व्यवस्था किन गरिएन ?' स्थानीयको प्रश्न छ। उनीहरूका अनुसार सरकारी अस्पतालको सेवा सञ्चालनका लागि आवश्यक पूर्वतयारी नगर्दा अहिले त्यसको प्रत्यक्ष मार सर्वसाधारण बिरामीले भोगिरहेका छन्।

**तीन मेडिकल अफिसरको भरमा अस्पताल**

हाल जिल्ला अस्पतालमा एक जना बालरोग विशेषज्ञ, एक जना मनोरोग विशेषज्ञ र तीन जना मेडिकल अफिसर मात्रै कार्यरत रहेको बताइएको छ। आवश्यक संख्यामा विशेषज्ञ चिकित्सक नहुँदा अस्पतालको नियमित उपचारदेखि जटिल प्रकृतिका बिरामीको व्यवस्थापनसम्म प्रभावित भएको छ।

विशेषज्ञ चिकित्सकको अभावको सबैभन्दा ठूलो असर प्रसूति सेवामा परेको छ। आकस्मिक अवस्थामा शल्यक्रिया गर्नुपर्ने गर्भवती महिलालाई अस्पतालले बाहिरका स्वास्थ्य संस्थामा पठाउनुपर्ने अवस्था छ। प्रसूति सेवाका लागि जिल्ला बाहिर जानुपर्दा बिरामीले उपचार खर्चसँगै यातायात, बसोबास र कुरुवाको अतिरिक्त खर्चसमेत व्यहोर्नुपर्ने हुन्छ। गर्भवती महिलाका लागि समयमै उपचार पाउनु झनै संवेदनशील विषय हो। प्रसूतिको समयमा जटिलता देखिएमा केही घण्टाको ढिलाइले समेत आमा र शिशुको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने चिकित्सकीय अवस्था हुन्छ। यस्तो संवेदनशील सेवामा समेत जिल्ला अस्पताल निर्भर हुन नसक्ने अवस्था आउनु स्वास्थ्य व्यवस्थापनको गम्भीर कमजोरी भएको स्थानीयको भनाइ छ।




**चिकित्सक व्यवस्थापनमा प्रदेश सरकारमाथि प्रश्न**

यसैबिच, अस्पतालमा चिकित्सक व्यवस्थापन र नेतृत्व चयनको विषयलाई लिएर लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयमाथि समेत प्रश्न उठेको छ। स्रोतका अनुसार मन्त्रालयले वरिष्ठ चिकित्सकको सट्टा कनिष्ठ कर्मचारीलाई मेडिकल सुपरिटेन्डेन्ट (मेसु) बनाउने प्रयास गरेपछि अस्पतालमा कार्यरत दुई जना फिजिसियनले अस्पताल छाडेका थिए।

राजनीतिक पहुँच र प्रभावका आधारमा कनिष्ठ कर्मचारीलाई नेतृत्वमा ल्याउन खोजिएको स्रोतको आरोप छ। यद्यपि यस विषयमा सम्बन्धित मन्त्रालय र अस्पताल प्रशासनको औपचारिक धारणा सार्वजनिक हुन बाँकी छ। चिकित्सकको सरुवा तथा अनुभवी चिकित्सकको बहिर्गमन र अर्कोतर्फ निक साइमन्स इन्स्टिच्युटको विशेषज्ञ टोली फिर्ता भएपछि अस्पतालको जनशक्ति व्यवस्थापन झन् कमजोर बनेको देखिन्छ। यसले अस्पतालको सेवा प्रवाहमा प्रत्यक्ष असर परेको स्थानीयको गुनासो छ।

**बिरामीभन्दा पद र पहुँच प्राथमिकतामा ?**

एकातिर विशेषज्ञ टोली फिर्ता हुने जानकारी हुँदाहुँदै वैकल्पिक चिकित्सकको व्यवस्था गर्न नसक्नु र अर्कोतिर चिकित्सक व्यवस्थापनमा विवादास्पद निर्णय भएको आरोप लाग्नुले जिल्ला अस्पतालको व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ।

स्थानीयवासीले अस्पतालको सेवा सुधारभन्दा पद, पहुँच र राजनीतिक स्वार्थलाई प्राथमिकता दिइएको हो कि भन्ने आशंका व्यक्त गर्न थालेका छन्। उनीहरूका अनुसार स्वास्थ्यजस्तो संवेदनशील

## अस्पतालको मेसु नै क्लिनिकमा

जिल्लाको एक मात्र सरकारी अस्पताल रहेको प्युठान जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) सुवाश पौडेलनै निजि क्लिनिकमा भेटिन्छन् ।अस्पताल संगै रहेको निजी क्लिनिकमा पौडेल मेसु भए पनि क्लिनिक धाउन छाडेका छैनन्।

सरकारी कार्यालयको प्रमुख वा निजामती कर्मचारीले आफ्नो सरकारी जिम्मेवारीसँग स्वार्थ बाझिने गरी बाहिर निजी काम/व्यवसाय गर्ने विषयमा कानुनी प्रतिबन्ध र आचरणसम्बन्धी व्यवस्था छायदि निजी क्लिनिकमा काम गर्ने भए मन्त्रालयको पुर्व स्वकृति ल्याउन पर्ने व्यवस्था छ। तर तिनै पौडेलले भने सो ऐन कानुनको धज्जी समेत उडाउँदै सरकारी अस्पतालभन्दा निजी क्लिनिकमा धेरै भेटिन्छन्। उनैले रात्रीकालिन भत्ता लिए पनि रातको समयमा नभेटीने समेत उपचारमा गएका बिरामीको आरोप छ।

सरकारी अस्पतालमा बिरामीले विशेषज्ञ डाक्टर खोजिरहेका छन्। अस्पतालका मेसु स्वयं बालरोग विशेषज्ञ हुन्। तर सरकारी अस्पतालमा आएका बिरामीलाई आफैं नहेरी मेडिकल अफिसरलाई जिम्मा लगाउने र बाहिर निजी संस्थामा पुगेर आफैं बिरामी हेर्दै आएका छन्। सरकारी अस्पताल बनाउने जिम्मेवारी लिएर सरकारी अस्पतालमै विशेषज्ञ सेवा कमजोर बनाउने अनि निजी संस्थामा आफ्नो विशेषज्ञ सेवा दिने प्रवृत्ति स्वीकार्य हुन सक्छ त जनताले प्रश्न गरेका छन् ?

» बाँकी ४ पेजमा

## एमाले सचिवालय र केन्द्रीय कमिटी बैठक तत्काल बोलाउन माग

बुटवल। नेकपा (एमाले) भित्र नीति र पद्धतिमा सुधारको माग गर्दै 'एमाले रूपान्तरण र पुनर्संरचनाका लागि पुनर्जागरण अभियान' ले पार्टी नेतृत्वलाई ध्यानाकर्षण पत्र बुझाएको छ।

ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा बुझाइएको उक्त पत्रमा पार्टीको नेतृत्वको कार्यशैली, चुनावी समीक्षा र साङ्गठनिक सुस्तताप्रति गम्भीर प्रश्न उठाइएको छ।

अध्यक्ष केपी शर्मा ओलीलाई सम्बोधन गर्दै पाार्टी मुख्यालय च्यासलमा बुझाइएको ज्ञापन पत्रमा चुनाव सकिएको करिब ६ महिना पुग्न लाग्दा समेत केन्द्रीय कमिटीको बैठक बस्न नसक्नुलाई गम्भीर र चिन्ताजनक भनिएको छ। निर्वाचनमा व्यहोरेको पराजयको वस्तुनिष्ठ समीक्षा गरी नयाँ उत्साह भर्नुपर्ने समयमा पार्टी नेतृत्वले बैठक टार्दै आएको टिप्पणीसमेत गरिएको छ।

एमालेले जनताको विश्वास गुमाउँदै गएको उल्लेख गर्दै पत्रमा भनिएको छ, 'फागुन २१ गतेको जनादेशबाट बनेको सरकारप्रति जनतामा निराशा बढ्दै गएको देखिन्छ। सरकारका अन्योलग्रस्त नीति र शासन सञ्चालनमा देखिएको अपरिपक्वताले राष्ट्रिय हित र सुरक्षामा समेत चिन्ता बढाएको छ।'

छिमेकी तथा अन्तर्राष्ट्रिय सम्बन्ध झन् जटिल बन्दै गएको र जनताको दैनिक जीवन कष्टकर बनेको निष्कर्ष अभियानको छ। पार्टीद्वारा गठित 'निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल' ले तयार पारिसकेको प्रतिवेदन सार्वजनिक नगरिएको र छलफलमा नल्याइएकोमा असन्तुष्टि व्यक्त गरिएको छ। कार्यदलले दिएका सुझावहरूलाई नेतृत्वले बेवास्ता गर्दा कार्यकर्तामा अन्योल र निराशा छाएको पत्रमा उल्लेख छ।

अभियानका प्रमुख मागहरूमा निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको प्रतिवेदन तत्काल सार्वजनिक गरी छलफल चलाउनुपर्ने,केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीको बैठक अविलम्ब आह्वान गर्नुपर्ने, निर्वाचनमा भएको पराजयको 'निर्मम' समीक्षा गर्नुपर्ने,पार्टी शुद्धीकरण, सुदृढीकरण र पुनर्संरचनाको स्पष्ट खाका निर्माण गर्नुपर्ने,कमिटी प्रणाली र आन्तरिक लोकतन्त्रलाई प्रभावकारी बनाउँदै व्यक्तिभन्दा नीति र विधि प्रधान हुनुपर्ने रहेका छन्।

पुनर्जागरण अभियानले आफूहरू पार्टी फुटाउने नभई विधि र पद्धतिमा फर्काउने पक्षमा रहेको प्रष्ट्याएको छ।

'हामी विश्वास गर्छौं, नेकपा एमालेको समस्या समाधान गर्ने बाटो पार्टी बाहिर होइन, पार्टी भित्रैको विधानसम्मत र लोकतान्त्रिक प्रक्रियाबाटै सम्भव छ।'- पत्रमा भनिएको छ।

केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीमार्फत् पार्टीमा पत्र दर्ता गराइएको छ। अभियानका अगुवाहरू गजेन्द्र थपलिया, रोशन बस्नेत, रमेश पौडेल, शर्मिला कार्की , डा. सुरेन्द्र मानन्धर , बुद्दी परियार , नविना लामालगायत च्यासल पुगेका थिए।

## विदेशका युवालाई नेपाल फर्काउन स्टिकर टाँस्ने योजना कहाँ पुग्यो ? : आङदेम्बे



बुटवल। नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बे जेनजी विद्रोहको जगमा बनेको सरकारले युवालाई रोजगारीको वातावरण बनाउन नसकेको बताएका छन्।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा शुभकामना दिँदै जेनजी आन्दोलनपछि भएको निर्वाचनमा पनि युवासहितका मतदाताहरूले आफ्नो मतादेशमार्फत् परिवर्तनप्रतिको चाहना व्यक्त गरेको उनको भनाइ छ।

उनले प्रश्न गर्दै भनेका छन्-'जेनजीले खोजेको रोजगारी कहाँ सिर्जना भयो ? उनीहरूले चाहेको सुशासन कहाँ छ ? विदेशिन बाध्य युवालाई स्वदेश फर्काउने योजना कहाँ छ ?'

उनले सरकार बनेको १०० दिनमै विदेशका गल्लीगल्लीमा स्वदेश फर्काउनको लागि स्टिकर टाँस्ने योजना जनताले नर्बिसिएको बताएका छन्।

उनले रास्वपा सभापति रवि लामिछानेलाई सङ्केत गर्दै भनेका छन्-'जबकि, चुनावअघि अमेरिका, क्यानडा र युरोपका गल्लीगल्लीमा पुगेर सरकार बनेको १०० दिनमै स्टिकर टाँस्ने र विदेशिएका नेपाली युवालाई स्वदेश फर्काउने घोषणा सत्तारूढ दलकै नेतृत्वले गरेका थिए, जुन कुरा युवाजनले बिर्सिएका छैनन्।'

सरकार गठन भएको साढे चार महिना बितिसक्दा पनि एक जना युवालाई स्वदेश फर्काउन नसक्नुले गम्भीर प्रश्न उठाएको बताए। सरकारको गतिविधिले युवाहरू फेरि बिस्तारै निराशातिर फर्किएको महसुस हुन थालेको उनको बुझाइ छ।

उनले थपेका छन्-'त्यसका केही ज्वलन्त घटना देशमै स्वरोजगार भएका युवा उमेरका गणेश नेपालीदेखि विवेक मण्डलसम्मले गरेको आत्मदाह हुन्। त्यसैले युवालाई मतदान गर्ने जमात मात्रै होइन, राष्ट्र निर्माणको नेतृत्व गर्ने शक्तिका रूपमा राज्यले स्वीकार गर्नुपर्छ। विदेशबाट फर्किएका युवाको ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशमा परिचालन गर्न 'रिटर्नी युवा उद्यमशीलता'को ठोस नीति आवश्यक छ।'

तीनै तहका सरकारले युवाको सहभागिता, नेतृत्व र सृजनशीलतालाई विकासको केन्द्रमा राख्नुपर्ने बताए।

## प्रतापपुर कठहावमा जग्गा विवादले सडक निर्माण अलपत्र

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका वडा नम्बर ६ मा कठहवा-बेलाटारी सम्पर्क हुलाकि सडक निर्माणका क्रममा कठहवा क्षेत्रमा जग्गा विवाद सिर्जना भएपछि सडक निर्माण कार्य अलपत्र परेको छ। साविक सडक रहेको जग्गा व्यक्तिको घडेरी परेको भनि विवाद उत्पन्न भएपछि करिव १ सय ८० मिटर सडक कालोपत्रे हुन सकेको छैन।

२०८२ असोज ३० गते निर्माण सम्पन्न गर्ने गरी श्री कन्टेक प्रा.लि. नक्साल काठमाण्डौले २०७६ कार्तिक २९ गते ठेक्का सम्झौता गरेको थियो।

२७ करोड २३ लाख ५ हजार ७ सय ३३ रुपैयाँमा हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तु मार्फत् ठेक्का सम्झौता भई निर्माण कार्य सुरु भएको थियो ।सम्झौताअनुसार सबै निर्माण कार्य सम्पन्न भैसक्दा पनि कठवा क्षेत्रको झण्डै २ सय मिटर सडक कालोपत्रे गर्न स्थानिय मिश्र परिवारले आफ्नो जग्गा दावी गरी कालोपत्रे गर्न नदिएपछि काम अलपत्र परेको छ। स्थानीयहरु भने हाल रहेको सडक नै पुरानो बाटो रहेको बताउँछन्। यो सडक यस अघि ३ पटक सम्म कालोपत्रे भैसके पनि अहिले रोकिएको प्रति उनीहरुको आक्रोश छ।

अधिकांश स्थानीयवासी पुरानै सडक कायम हुनुपर्ने माग गर्दै पटक पटक प्रतापपुर गाउँपालिकाका जनप्रतिनिधिहरु सहित सरोकारवाला पक्षसँग छलफमा बसे पनि अहिलेसम्म निकास निस्किएको छैन।

कालोपत्रे हुन बाँकी रहेको हालको सडक पश्चिम तर्फ रवीन्द्र प्रसाद मिश्रको जग्गा रहेको छ भने पूर्व तर्फ दिनेश चन्द त्रिपाठी को नामको जग्गा रहेको छ।

रविन्द्रका बुवा तिरथराज मिश्र २०१७ साल देखी २०३९ साल सम्म प्रधान पञ्चको रुपमा रहेर काम गरेका थिए। सडकको स्तरउन्नति गर्नका लागि तिरथराजलेनै पहिलोपटक ग्रावेल गरेर सडक स्तर उन्नती कार्यमा सहयोग गरेको स्थानीय स्मरण गर्छन्। स्थानीयहरु मिश्रलेनै यो सडकको विकासका लागि सहयोग गरेकोमा अहिले आएर वर्षौंदेखि चलिआएको सडकमा कालोपत्रे गर्ने कार्यमा अवरोध गर्न नमिल्ने तर्क गर्छन्।

स्थानीय धिरज त्रिपाठीले सदियौ देखीको बाटो रोक्न नमिल्ने बताउँछन्। उनले सडकको पुर्जा कसरी निस्कियो भन्दै आश्चर्य व्यक्त गरी छानबिनका लागि माग गरेका छन्।

नक्सामा सडक हालको स्थानदेखि पश्चिमतर्फ देखीन्छ। नक्साअनुसार सडकको पूर्वतर्फ मिश्र परिवारकै केही जग्गा रहेका कारण नक्सा अनुसारको सडक कायम हुनुपर्ने भन्दै कालोपत्रे गर्न रोक लगाएको देवेन्द्र मिश्रको भनाइ छ।

उनी अलालतका कागजपत्र देखाउँदै भन्छन्-"मलाई सडक प्रति कुनै आपत्ति होईन यति मात्र हो की नक्सा अनुसार हुनुपऱ्यो। यसको लागि अदालतबाटै फैसला भैसकेको छ।"

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको
विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।

स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# संसदलाई प्रभावकारी बनाऊ

अहिले संसद बैठक चलिरहेको छ, तर सांसदहरू बैठकमा नियमित उपस्थित हुन सकिरहेका छैनन् । बैठकमा हाजिर गरेर बीचमै छाडेर हिँड्ने प्रवृत्तिले संसदको नियमित काम कारबाही प्रभावित भएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकबाट खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक स्वीकृत हुनुपर्ने थियो, तर गणपुरक संख्या नपुग्दा विधेयक स्वीकृत भएन् । बैठकमा २२३ जना सांसदले हाजिरी गरेका थिए । तर बैठकको अन्तिमसम्म भने केवल ६१ सांसद मात्र बसे । प्रतिनिधिसभामा कुनै पनि प्रस्ताव निर्णयार्थ पेस गर्न एक चौथाई सांसद उपस्थित हुनुपर्छ । अर्थात् बैठकमा कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्न ६९ सांसद बैठक कक्षमा हुनुपर्छ ।

प्रतिनिधिसभामा गणपूरक संख्या नपुग्ने प्रवृत्ति पुरानै हो । लामा लामा बैठक र भाषणका कारण सांसदहरूले बैठक अवधिभर बस्न सकस परेको छ । गएको फागुन २१ भएको चुनावपछि अहिले संसदको दोस्रो सत्र चलेको छ । यो दोस्रो सेसनमै सांसदहरुको उपस्थिति कमजोर बन्नु आम नागरिकलाई संसदप्रतिको विश्वास कमजोर बनाउनु हो । नागरिकले हेरिरहेका हुन्छन्, आफूले मत दिएको सांसदले संसदमा के बोल्यो ? के समस्या उठायो ? मतको सही सदुपयोग भयो कि भएन् ? तर सांसद हाजिर गरेर बाहिर कुनै काममा व्यस्त हुने प्रवृत्ति पटक्कै नागरिकप्रति जिम्मेवार होइन् । यस्तो गैरजिम्मेवार प्रवृत्तिले अन्ततः जनविश्वास कमजोर बनाउँछ । व्यवस्थाप्रति नै नकारात्मक धारणा बनाउँछ ।

संसदलाई प्रभावकारी बनाउने बारेमा सभामुख र संसद सचिवालयको प्रमुख भूमिका हुन्छ । सत्तारुढ दलले यो भूमिकामा सहयोगी बन्न सक्छ, त्यसो त प्रमुख प्रतिपक्ष दल सहितका प्रतिपक्ष दल पनि अलग हुन पाउँदैनन् । उनीहरुको सहयोगी भूमिकाले संसद प्रभावकारी ढंगले अघि बढ्न सक्छ । संसदलाई प्रभावकारी बनाउन सरकारको पनि महत्वपूर्ण भूमिका हुन्छ । प्रधानमन्त्री नै संसदलाई प्रभावकारी बनाउन अनिच्छुक हुँदा सांसदलाई गैरजिम्मेवार बन्न बल पुगेको छ । संसदमा जान प्रधानमन्त्रीको पटक्कै रुची छैन । यसले संसदीय सर्वोच्चतामाथि प्रहार गरेको छ । सार्वभौम संसदबाट निर्वाचित प्रधानमन्त्रीको बेवास्ता हुनु प्रणालीमाथिकै प्रहारका रुपमा बुझिनुपर्छ ।

संसदलाई प्रभावकारी बनाउन अव सभामुखले सरकार, संसदमा सहभागी राजनैतिक दलका नेता र सचेतक, सचिवालयसँग समन्वय र सहकार्य गरी योजनाबद्ध काम गर्नुपर्छ । संसदले काम गर्न सकेन्, संसद कामकाजी भएन् भने अहिले देखिएको वितृष्णा समाजमा अझै बढ्दै जाने निश्चित छ, यसले अझै समस्या बढाउँदै लैजानेछ ।

## नेपाली समाजमा एकताको बाधक

# मूल जरो ब्राह्मणिक हिन्दु वर्णव्यवस्था



झपेन्द्र जिसी

ब्राह्मणलाई परिश्रमको फलस्वरुप राज्यकोषबाट पारिश्रमिक दिइनेछ । काममा जुट्नुस् । सम्राट पुष्यमित्र शुङले ब्राह्मणहरुलाई प्रोत्साहित गर्दै उद्घोष गरे । साकेत (अयोध्या) मा अवश्मेध यज्ञ सम्पन्न गरेपछि ब्राह्मण सत्ता पूर्ण रुपमा पकडमा आयो । राज गुरु पतञ्जलीको सल्लाह बमोजिम तीर्थराज प्रयागकमा पनि अवश्मेध यज्ञ गरे । दुई दुई वटा यज्ञ सम्पन्न गरेपछि आफ्नो पकड पूर्ण रुपमा आएको मूल्यांकन गरी पुष्यमित्र शुङ र पतञ्जली राजधानी पाटली पुत्र फर्किए ।

**गताङ्कको बाँकी......**

षड्यन्त्रका सबै तानाबाना बुनेपछि आक्रमणकारी सेनाहरुलाई परास्त गर्न बनाइएका खाई (किल्ला) र आफ्नो सैनिक जवानको कवाज अवलोकन गर्न सम्राट वृहद्रथलाई निम्ता गरे । सम्राट तोकिएकै दिन तोकिएकै समयमा मञ्चमा उपस्थित भए । सेना लगायत मिल्ने पदहरुमा बौद्ध संस्कार विरोधी ब्राह्मणलाई नै खोजी नियुक्ति त गरिसकेका थिए ।

शत्रु सेनाले आक्रमण गर्न आउँदा हाम्रा सम्राटलाई केही मतलब छैन । विशाल भारत वर्ष लुटिदैछ । अब यस्ता सम्राटलाई के भन्ने ? के गर्ने ? निर्णय देओस् सेना हो !

सैनिक गणतर्फबाट एक स्वरमा ठूलो आवाज आयो । मार्ने ! मार मार ! आफ्नो बध गर्न पुष्यमित्रले रचेको षड्यन्त्र बुझेर सम्राट उठेर भाग्न थाल्दा अंग रक्षक दुई जना अस्त्र सज्जित सैनिकले राजालाई उठ्न दिएनन् । यही मौका छोपी पुष्यमित्र शुङ जुरुक्क उठेर सम्राटको घाँटीमा छुरा रोपे । सम्राट घोप्टो गरी ढलेपछि पुष्यमित्रले घाँटी काटेर दुई टुक्रा बनाइदिए । दर्शकदीर्घा र सैन्य फौजबाट प्रधानसेनापति पुष्यमित्र जय होस् भन्ने नारा गुञ्जन भयो ।

सम्राट वृहद्रथको हत्यापछि पतञ्जली र पुष्यमित्र शुङ्को समाजमा दबदबा बढ्दै गयो । ब्राह्मणहरु यज्ञ महायज्ञ गराई प्रशस्त गाईहरु, गोरुहरु, मोतीरत्न अन्नपात गाडाका गाडा पाएर निकै खुशी भए । वृहद्रथको हत्या भएको छ महिनापछि पुष्यमित्र शुङ्लाई राजाको रुपमा अभिषेक गरियो ।

पुष्यमित्र शुङ्को इच्छा बमोजिम राजसूय यज्ञ गर्ने योजना बन्यो । पाटली पुत्र मगध क्षेत्रमा वृहद्रथका पक्षधर केही मान्छे हुन सक्छन् । त्यसैले राजसूय यज्ञ साकेतमा गर्न पतञ्जलीले सल्लाह दिए बमोजिम साकेत (अयोध्या) मा राजसूय यज्ञ गरियो ।

एकदिन एउटा ब्राह्मणले पतञ्जलीलाई सोधे- गुरुदेव ! बौद्धहरु प्राणी हिंसाको विरोध गर्दछन् । तर हाम्रा यज्ञादि गर्दा प्राणी हिंसा गरिन्छ के भन्नु हुन्छ यसबारे हाम्रा पुर्खा आर्य हुन्, हामी पनि आर्य हौं । हामीलाई आर्यको प्रमाणपत्र कसैले दिनुपर्दैन । मुण्डीका कुरा सुन्न कुनै दरकार छैन । यज्ञमा गरिएको हिंसा हिंसा होइन । वैदिक हिंसा हिंसा नभवति प्रिय ब्राह्मण मित्र हामी सबैले वैदिक ब्राह्मण धर्म, कर्मकाण्डको व्यापक प्रचार गरौं । अहिले त लोकमा धेरै मानिसहरु वैदिक दर्शन संस्कार, संस्कृतिप्रति आस्था राख्छन् तर व्यापक प्रचार गर्दै जाऔं, गर्दै जाऔं, आखिरमा सबै वैदिक संस्कार कर्म काण्डमा आउने छन् । शास्त्रमा बताइए अनुसार प्रचार गर्नुस् र गरौं । तर अहिले बौद्धमतको विरोध नगरी वैदिक मत कर्मकाण्डको यज्ञको मात्र प्रचार गर्न आवश्यक छ । उनीहरुको कुरा काटेर फाइदा छैन ।

शास्त्रमा भनिएको छ-

ब्राहमृणो जायमानाहि पृथिव्यामधिजायते ।
ईश्वरः सर्वभूतानां धर्म-कोशस्य गुप्तये ॥
सर्वस्वं ब्राह्मणस्पेदं यत्किंचिज्जगती गतम् ।
श्रेष्ठयेनाभिजनेनेदं सर्व वै ब्राह्मणोर्ह्ईति ॥
स्वमेव ब्राह्माणो भुक्ते स्वं वस्तुते स्वं ददाति च ।
आनुशास्याद् ब्राह्मणस्य भुंजते हीतेर जनः ॥

अर्थः ब्राह्मण जन्मिने बित्तिकै पृथ्वीका समस्त जीवहरुमा श्रेष्ठ हुन्छ । ब्राह्मण नै सम्पूर्ण प्राणीहरुको ईश्वर हो । यस जगत्मा जे जति सम्पत्ति छ त्यो सबै ब्राह्मणको निजी सम्पत्ति हो । आफ्नो उत्तम जन्मका कारण ब्राह्मण त्यो सम्पत्ति पाउन योग्य छ । यदि ब्राह्मणले अरुको अन्न खान्छ, अरुको वस्त्र धारण गर्दछ र अरुको प्राप्त गरेर पुनः अरुलाई दिन्छ भने पनि त्यो पनि ब्राह्माणकै हो । उसैको हो । किन ? किनकि ब्राह्मणकै दयाले गर्दा अरुले अन्नादि वस्त्रादि र अन्य सामग्री प्राप्त गरेका हुन् । ब्राह्मण नभएको भए कसैले पनि आवश्यक सामग्री पाउने थिएनन् ।

सर्वथाः ब्राह्मणाः पूज्याः परम दैवतं हि ङ्ग ॥

अर्थ जसरी मशानघाटमा मूर्दा (लाश) पोलेको आगो अपवित्र हुँदैन, त्यही आगो यज्ञमा प्रयोग गर्दा पनि अपवित्र मानिदैन । यसरी नै ब्राह्मण निन्दित कर्ममा लागे पनि त्यो सबैका निमित्त ग्राह्य र पूज्य हुन्छ । किन ? किनभने ब्राह्मण परम देवताको स्वरुप हुन्छ ।

हामीले पुराना क्षत्रीयहरु, नव क्षत्रीयहरु चीन, किरात आफूलाई मङ्गोल भन्नेहरु त्यस्तै शक पह्लव,दर आदिलाई च्यूत गरेर शुद्र बनाए पनि सबैको जनसंख्या जोड्दा हामी ब्राह्मणको भन्दा धेरै छ ।

तसर्थ तिनलाई नियन्त्रणमा राखी ब्राह्मण सत्ता सञ्चाल गर्न मनुस्मृतिका यी सिलोकहरु बारम्बार दोह्याएइरहनुपर्छ ।

ब्राह्मणं दशवर्ष तु शतवर्ष तु भूमिपन् ।
पितापुत्रौ विजानीपाद ब्राह्मस्तु तयो पिता ॥

अर्थ-दश वर्षको ब्राह्मण (बाहुन) भए पनि १०० वर्षको क्षत्रीले साष्टाङ-दण्डर्वत गर्नुपर्छ । किन ? किनभने ब्राह्मण र क्षत्रीयको उमेरको मूल्य हुँदैन, ब्राह्मण नै श्रेष्ठ हुन्छ । ब्राह्मण बाबु र क्षत्री छोरा हो भने बुझ्नू ।

अविद्वांश्चैव विद्वाचं ब्राह्मणो दैवत महत् ।
प्रशीश्चाप्रणीतश्च तथाग्निदवत् महत् ॥

अर्थ- ब्राह्मण पढालेखा विद्वान् होस् वा मूर्ख होस् ब्राह्मण नै श्रेष्ठ जाति हो । देवता नै हो !

असंस्कृतमयोकपि जात्येव द्विजन्मानो माननीयाः

अर्थ- संस्कार शून्य कुलमा जन्मिए पनि ब्राह्मण भनेका ब्राह्मण नै हुन् र मान्य हुन्छन् ।

बार बार उपर्युक्त सिलोकहरु वाचन र उचारण गरेपछि र सुनेपछि मानसपटलमा ब्रह्म वर्चस्वय अंकित हुनेछ । यज्ञबाट ब्राह्मणहरु गएपछि व्यास पतञ्जलीले सम्राट पुष्यमित्र शुङलाई भने- महाराजा छ खण्डमा लिखित वाल्मीकि रामायण अझै विस्तृत गर्नु पर्छ । त्यस्तै पुराणहरुलाई पनि ब्रह्म वर्चस्व वृद्धि गर्ने गरी लेखिनुपर्छ । यसका लागि अर्को वाल्मीकि नियुक्ति गर्नुपर्छ । मनुस्मृति संहिता ग्रन्थजस्ता पुराणहरु लेखिनुपर्छ । पढाइनुपर्छ ।

राज गुरु व्यास पतञ्जलीको प्रचवन सकिएपछि पुष्यमित्र शुङले भने राज गुरु ! मैले त के जानेको छु र ? सबै गर्ने हजुरले.........।

वाल्मीकि रामायणलाई विस्तृत गर्न र अरु पुराण लेख्न ब्राह्मण राजा पुष्यमित्रले ब्राह्मण सभा बोलाए । सभामा एउटा ब्राह्मणले वाल्मीकि बनेर रामायणको उत्तर काण्ड लेख्न तयार भए भन्ने अन्य ब्राह्मणहरुले विद्यमान पुराण र नयाँ पुराणको रचना गर्न तयार भए । महाराज र ऋषि पतञ्जलीको उपस्थितिमा जिम्मा पाएकाहरु लेख्न प्रतिबद्ध भए । राज गुरु पतञ्जलीले ब्राह्मणकै उपस्थितिमा भने वेद आजकाल पढर्दैनन् । ब्राह्मणले पुराण पढ्छन् । तर देव भाषा संस्कृतका सिलोकहरु शुद्ध उच्चारण गर्नुपर्छ । शुद्ध उच्चारण गर्नेहरु कम छन् । तालब्श स र दन्त्य स मूर्धन्य आदिको उच्चाहरण भिन्नभिन्नै गर्नुपर्छ । तर एउटै उच्चारण गर्ने ब्राह्मणहरुमा आदत बसेको छ ।

राजा पुष्यमित्रले भने- भगवान् ! त्यस्ता अशुद्ध वाचीहरुलाई अब, नेपाल, काठमाडु, लुम्बिनी, देवदह, रामग्रामतिर पठाइदिनेछौं । अशोक पुत्री चारुमति (चावहिल) मा र नेपाली क्षत्रीय राजकुमार देवपालको सन्तति देवपाटन (देउपाटन) मा होलान् त्यस्ता अशुद्ध वाची ब्राह्मण त्यतै उपयोगी हुन सक्लान् । सम्राटको त्यस्ता वाणी सुनेर पतञ्जली ब्राह्मण प्रफुल्लित हुँदै भने- मैले लेखेको शब्दानुशासन र पाणिनीकृत अष्टाध्यायीका धेरै प्रतिलिपि मनुस्मृति संहिताका प्रतिलिपि उतारेर पढ्नुस् र व्यापक प्रचार गर्नुस् । त्यस्तै शतपथ ब्राह्मण ग्रन्थको पनि उत्तिकै महत्व छ । ब्राह्मणलाई परिश्रमको फलस्वरुप राज्यकोषबाट पारिश्रमिक दिइनेछ । काममा जुट्नुस् । सम्राट पुष्यमित्र शुङले ब्राह्मणहरुलाई प्रोत्साहित गर्दै उद्घोष गरे । साकेत (अयोध्या) मा अवश्मेध यज्ञ सम्पन्न गरेपछि ब्राह्मण सत्ता पूर्ण रुपमा पकडमा आयो । राज गुरु पतञ्जलीको सल्लाह बमोजिम तीर्थराज प्रयागकमा पनि अवश्मेध यज्ञ गरे । दुई दुई वटा यज्ञ सम्पन्न गरेपछि आफ्नो पकड पूर्ण रुपमा आएको मूल्यांकन गरी पुष्यमित्र शुङ र पतञ्जली राजधानी पाटली पुत्र फर्किए ।

अन्त्यमा यसरी बौद्ध धर्मको पतन गराउन र हिन्दु वर्णवादी, विभेदकारी धर्म र यज्ञ आदिको व्यापक उत्थान गर्नमा पुष्यमित्र शुङ र भाष्यकार पतञ्जलीको भूमिका रहेको पाइन्छ ।

# धेरै मोबाइल चलाउँदा के-के असर देखिन्छन् ? घाँटीदेखि आँखासम्म यस्तो हुन्छ प्रभाव

हामी प्रायः मोबाइल फोन र स्क्रिनले हाम्रो मस्तिष्कमा कस्तो असर पारिरहेको छ भनेर चिन्ता गर्छौं ।

तर मोबाइल र अन्य डिजिटल उपकरणको अत्यधिक प्रयोगले शरीरका अन्य भागमा पनि असर पार्न सक्ने नयाँ अनुसन्धानहरूले देखाएका छन ।

मोबाइल फोन प्रयोग गर्ने क्रममा लामो समयसम्म एउटै अवस्थामा बस्दा घाँटीको आकारमा परिवर्तन, आँखामा समस्या, हातको चालमा असर र मांसपेशीको शक्ति कमजोर हुन सक्ने विशेषज्ञहरूले बताएका छन् ।

प्रविधिमा अत्यधिक निर्भर जीवनशैलीले अनुहार र घाँटीमा चाउरी बढाउन सक्ने सम्भावनाबारे पनि चर्चा हुन थालेको छ ।

यस्ता शारीरिक समस्याले दीर्घकालमा स्मरणशक्ति तथा सोच्ने-सम्झने क्षमतामा समेत असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

तर प्रविधिको प्रयोग पूर्ण रूपमा बन्द गर्नुपर्ने अवस्था भने नरहेको विशेषज्ञहरूको भनाइ छ । केही सामान्य बानीमा परिवर्तन गरेर यसको नकारात्मक प्रभाव कम गर्न सकिन्छ ।

**घाँटीमा बढ्छ दबाब**

यदि तपाईं अहिले यो समाचार मोबाइलमा पढ्दै हुनुहुन्छ भने सम्भवतः स्क्रिन हेर्न टाउको तल झुकाउनुभएको छ । टाउकोलाई अगाडि झुकाएर राख्ने अवस्थालाई 'फरवार्ड हेड पोस्चर' भनिन्छ ।

यस अवस्थामा घाँटीमा ठूलो दबाब पर्न सक्छ । लामो समयसम्म यस्तो अवस्थामा बस्दा मेरुदण्डका डिस्कमा क्षति पुग्नुका साथै जोर्नी र मांसपेशी कमजोर हुन सक्छन् ।

केही अवस्थामा फोक्सोको क्षमतामा समेत असर पर्न सक्ने बताइएको छ । यही समस्यालाई सामान्यतया 'टेक नेक' भनिन्छ ।

यसले शरीरको बनोटमा समेत दीर्घकालीन परिवर्तन ल्याउन सक्छ। चिकित्सकको सल्लाहमा गरिने विशेष व्यायामले यस्तो समस्या कम गर्न सहयोग गर्न सक्छ ।

तर अहिलेबाटै केही सामान्य सावधानी अपनाउन सकिन्छ ।

-मोबाइल फोनलाई सकेसम्म अलि माथि उठाएर हेर्ने ।



-स्क्रिनलाई आँखाको तहमा राख्ने ।

-फोनलाई अनुहारबाट करिब एक हातको दूरीमा राख्ने ।

-कम्प्युटरको मोनिटर पनि आँखाको तहमा राख्ने ।

-लामो समय स्क्रिन हेर्दा बीच-बीचमा विश्राम लिने ।

**घाँटीमा चाउरी र छालामा समस्या**

मोबाइलको अत्यधिक प्रयोगसँगै घाँटीमा चाउरी पर्ने विषय पनि पछिल्लो समय चर्चामा आएको छ ।

बेलायतकी छाला रोग विशेषज्ञ जस्टिन हेक्सटोलका अनुसार एउटै स्थानमा बारम्बार दबाब पर्दा चाउरी पर्न सक्छ ।

त्यसैले लामो समयसम्म अगाडि झुकेर घाँटी मोडिरहनुले समस्या निम्त्याउन सक्ने सम्भावना छ ।

तर 'टेक नेक'कै कारण घाँटीमा चाउरी पर्छ भन्ने कुरा पुष्टि गर्ने पर्याप्त वैज्ञानिक प्रमाण भने अहिलेसम्म उपलब्ध नभएको उनको भनाइ छ ।

त्यस्तै, स्मार्टवाच लगातार लगाइरहने मानिसमा छालासम्बन्धी समस्या देखिन सक्छ। घडीमुनिको अँध्यारो र ओसिलो वातावरणमा यीस्ट बढ्न सक्ने भएकाले छालामा जलन वा एक्जिमा हुन सक्छ ।

घडीमा प्रयोग हुने निकेल, रबर, लेटेक्स तथा एक्रिलेट्सजस्ता पदार्थप्रति संवेदनशीलता पनि विकसित हुन सक्ने विशेषज्ञहरू बताउँछन् ।

यसबाट बच्न स्मार्टवाच समय-समयमा खोल्ने र छाला सफा गर्ने सल्लाह दिइएको छ । दिनभर घडी लगाउनुपर्ने अवस्थामा छालाको सुरक्षा गर्ने ब्यारियर क्रिम प्रयोग गर्न सकिन्छ ।

**आँखाको दृष्टि कमजोर हुने जोखिम**

पछिल्ला केही दशकमा मायोपिया अर्थात् नजिकका वस्तु स्पष्ट देखिने तर टाढाका वस्तु धमिलो देखिने समस्या तीव्र रूपमा बढेको छ ।

प्रविधिको प्रयोग बढेसँगै यो समस्या बढेकाले मोबाइल र स्क्रिनलाई यसको कारण मान्न सजिलो हुन्छ। तर अमेरिकाको ओहायो स्टेट युनिभर्सिटीका अप्टोमेट्री प्राध्यापक डोनाल्ड मट्टीका अनुसार वास्तविकता केही फरक हुन सक्छ ।

उनका अनुसार मोबाइल वा नजिकबाट गरिने काम मात्र मायोपिया बढ्नुको मुख्य कारण हो भन्ने स्पष्ट प्रमाण छैन ।

तर अनुसन्धानले बाहिर बिताउने समय आँखाका लागि फाइदाजनक हुने देखाएको छ । बाहिरको प्राकृतिक उज्यालोले आँखाको रेटिनाबाट डोपामिनको स्राव बढाउने र त्यसले आँखाको विकासलाई प्रभावित गर्ने विश्वास गरिन्छ ।

प्रविधिका कारण मानिसहरू पहिलेभन्दा धेरै समय घरभित्र बिताउन थालेकाले डिजिटल उपकरणले आँखामा अप्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पारिरहेको हुनसक्ने विशेषज्ञको भनाइ छ ।

त्यसैले आँखाको स्वास्थ्यका लागि नियमित रूपमा बाहिर समय बिताउनु उपयोगी हुन सक्छ । यसले निद्रामा समेत सुधार ल्याउन सक्छ ।

**हातको पकड कमजोर हुन्छ ?**

ग्रिप स्ट्रेन्थ अर्थात् हातले वस्तु समात्ने शक्तिलाई अहिले समग्र स्वास्थ्यको महत्वपूर्ण संकेत मानिन्छ ।

एक अध्ययनले ग्रिप स्ट्रेन्थले उच्च रक्तचापभन्दा पनि अकाल मृत्युको जोखिमको राम्रो अनुमान गर्न सक्ने देखाएको छ ।

धेरै देशमा विशेषगरी युवाहरूमा हातको पकड शक्ति घट्दै गएको देखिएको छ । जर्मनीको मेडिकल युनिभर्सिटी अफ लाउजिट्जका मेडिकल सोसियोलोजीका प्राध्यापक योहानेस बेलरका अनुसार एक पुस्तामै शारीरिक शक्ति घट्नु केवल हात कमजोर भएको विषय होइन, भविष्यको स्वास्थ्यका लागि पनि चेतावनी हुन सक्छ ।

कम्प्युटरमा आधारित काम र लामो समय बसिरहने जीवनशैली बढ्दै जानुले मानिसको शारीरिक तन्दुरुस्ती घटाउन सक्ने र त्यसको असर ग्रिप स्ट्रेन्थमा समेत पर्न सक्ने उनको भनाइ छ ।

हातको शक्ति कायम राख्न नियमित व्यायाम गर्न सकिन्छ। उदाहरणका लागि टेनिस बललाई बलपूर्वक थिचेर केही समय समात्ने अभ्यास गर्न सकिन्छ । तर हातको पकड बलियो बनाउनु मात्रै पर्याप्त नभई समग्र शारीरिक तन्दुरुस्तीमा ध्यान दिनु आवश्यक हुन्छ ।

**हात र आँखाबीचको समन्वयमा असर**

प्रविधिले हाम्रो मोटर स्किल्स अर्थात् मस्तिष्क र शरीरबीच समन्वय गरेर सटीक गतिविधि गर्ने क्षमतामा पनि असर पार्न सक्ने देखिएको छ ।

जर्मनीको युनिभर्सिटी अफ रेगेन्सबर्गका विकास मनोविज्ञान तथा शिक्षाका प्राध्यापक सेबास्टियन सुगेटका अनुसार उपलब्ध प्रमाणले अत्यधिक प्रविधि प्रयोग र कमजोर मोटर स्किल्सबीच सम्बन्ध रहेको देखाउँछ ।

विशेषगरी बालबालिकामा गरिएको अनुसन्धानले धेरै स्क्रिन समय र कमजोर मोटर स्किल्सबीच सम्बन्ध देखाएको छ । तर यसको अर्थ स्क्रिनको प्रयोग पूर्ण रूपमा बन्द गर्नुपर्ने भने होइन। बरु दैनिक जीवनमा हातको प्रयोग हुने गतिविधि बढाउनुपर्ने विशेषज्ञको सुझाव छ ।

खाना पकाउने, हातले लेख्ने, काठसँग सम्बन्धित काम गर्ने वा अन्य हस्तकलाका गतिविधिले हातको प्रयोग बढाउन सक्छन् ।

सुगेटका अनुसार प्रविधिले पार्ने यी प्रभाव व्यक्तिगत स्तरमा निकै साना हुन सक्छन्। तर पुस्तौंसम्म यस्ता प्रभाव जम्मा हुँदै गएमा मानिसको सोच्ने र समस्या समाधान गर्ने क्षमतामा समेत असर पर्न सक्ने सम्भावना रहेको छ ।

त्यसैले मोबाइल र डिजिटल उपकरणलाई पूर्ण रूपमा त्याग्नुभन्दा प्रयोग गर्ने तरिकामा सुधार गर्नु, लामो समय एउटै मुद्रामा नबस्नु, नियमित व्यायाम गर्नु, बाहिर समय बिताउनु र हातको प्रयोग हुने गतिविधि बढाउनु स्वास्थ्यका लागि महत्वपूर्ण हुन सक्छ ।

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

# Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

## नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
## दर्ता नं. ११८१५९/२०७०/०७१

Central Office : Si.Na.Pa. –12, Rupandehi, Nepal Phone No. 071-571126, 571127

**Unaudited Condensed Statement of Financial Position (As per NFRS)**
As on Quarter Ended 32 Ashad 2083

Nrs.

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & cash equivalents | 87,358,501.32 | 101,255,240.29 |
| Statutory balances and due from Nepal Rastra Bank | 96,090,000.00 | 36,090,000.00 |
| Placement with Bank & Financial Institutions | 40,000,000.00 | 40,000,000.00 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,899,704,663.76 | 3,771,278,160.40 |
| Investment Securities | 597,845.66 | 597,845.66 |
| Current Tax Assets | - | 2,043,542.66 |
| Investment Property | - | - |
| Property and Equipment | 37,762,815.39 | 39,096,891.27 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 21,252,411.11 | 21,131,764.81 |
| Other Assets | 227,986,621.32 | 33,292,100.75 |
| **Total Assets** | **4,410,752,858.56** | **4,044,785,545.57** |
| **Liabilities** | - | - |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,364,948,588.23 | 1,209,592,604.62 |
| Borrowings | 2,335,753,249.08 | 2,352,001,179.89 |
| Current Tax Liabilities | 10,092,003.56 | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 258,401,146.08 | 110,794,983.06 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,969,194,986.96** | **3,672,388,767.57** |
| **Equity** | | |
| Share Capital | 246,865,736.29 | 246,865,736.29 |
| Share Premium | - | - |
| Retained Earnings | 53,828,622.58 | 574,580.51 |
| Reserves | 140,863,512.73 | 124,956,461.20 |
| **Total Equity** | **441,557,871.60** | **372,396,778.00** |
| **Total Liabilities and Equity** | **4,410,752,858.56** | **4,044,785,545.57** |

**Condensed Statement of Profit and Loss**
**For the Quarter Ended of 32nd Ashad 2083**

Nrs.

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 149,800,602.32 | 546,659,363.00 | 175,858,968.45 | 573,011,638.00 |
| Interest Expense | 60,235,583.68 | 235,308,559.47 | 67,480,312.31 | 275,278,723.00 |
| **Net Interest Income** | **89,565,018.64** | **311,350,803.53** | **108,378,656.14** | **297,732,915.00** |
| Fee and Commission Income | 970,777.31 | 3,663,187.25 | 12,574,719.32 | 39,358,775.00 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **970,777.31** | **3,663,187.25** | **12,574,719.32** | **39,358,775.00** |
| Net Interest, Fee and Commission Income | 90,535,795.95 | 315,013,990.78 | 120,953,375.46 | 337,091,690.00 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 12,662,807.84 | 34,225,718.37 | - | - |
| **Total Operating Income** | **103,198,603.79** | **349,239,709.15** | **120,953,375.46** | **337,091,690.00** |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | (10,212,320.61) | 18,272,884.84 | 34,068,048.38 | 53,284,321.00 |
| **Net Operating Income** | **113,410,924.40** | **330,966,824.31** | **86,885,327.08** | **283,807,369.00** |
| **Operating Expenses** | **72,959,103.65** | **227,192,803.68** | **77,128,477.59** | **219,857,072.00** |
| Personnel Expenses | 51,628,763.50 | 164,610,448.85 | 50,697,255.57 | 152,333,129.00 |
| Other Operating Expenses | 17,240,319.36 | 58,492,334.04 | 10,658,313.02 | 51,751,034.00 |
| Depreciation & Amortisation | 4,090,020.79 | 4,090,020.79 | 15,772,909.00 | 15,772,909.00 |
| **Operating Profit** | **40,451,820.75** | **103,774,020.63** | **9,756,849.49** | **63,950,297.00** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | | - | - | - |
| **Profit before Income Tax** | **40,451,820.75** | **103,774,020.63** | **9,756,849.49** | **63,950,297.00** |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 12,135,546.22 | 31,132,206.19 | 3,479,947.75 | 19,737,982.00 |
| Income Tax Expenses of Previous Year | 3,480,720.84 | 3,480,720.84 | 9,410,614.00 | 9,410,614.00 |
| Deferred Tax | - | - | (8,237,290.00) | (8,237,290.00) |
| **Profit for the Period** | **24,835,553.68** | **69,161,093.60** | **5,103,577.74** | **43,038,991.00** |
| **Condensed Statement of Comprehensive Income** | - | - | - | - |
| Profit for the Period | 24,835,553.68 | 69,161,093.60 | 5,103,577.74 | 43,038,991.00 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **24,835,553.68** | **69,161,093.60** | **5,103,577.74** | **43,038,991.00** |
| Basic Earning per share (Annualized) | - | 28.02 | - | 17.43 |
| Diluted Earning per share (Annualized) | - | 28.02 | - | 17.43 |
| **Profit for the Period** | **24,835,553.68** | **69,161,093.60** | **5,103,577.74** | **43,038,991.00** |
| **Total** | **24,835,553.68** | **69,161,093.60** | **5,103,577.74** | **43,038,991.00** |

**Ratios as Per NRB Directives**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA (CAR) | 9.28% | 9.28% | 8.02% | 8.02% |
| Non-Performing Loan (NPL) to Total Loan | 9.39% | 9.39% | 9.37% | 9.37% |
| Total Loan Loss Provision to Total NPL | 39.75% | 39.75% | 36.75% | 36.75% |
| Cost of Funds | 6.75% | 6.75% | 7.73% | 7.73% |
| Credit to Deposit and Borrowing Ratio | 105.38% | 105.38% | 105.89% | 105.89% |
| Base Rate | 12.82% | 12.82% | 13.77% | 13.77% |
| Interest Rate Spread | 6.98% | 6.98% | 6.55% | 6.55% |

**Interest rate**

| | |
|---|---|
| Deposit | 7.5 %-8.5% |
| Loan & Advance | 14.10 %-15% |

| Particulars | NRS. |
|---|---|
| Net Profit for the period end 4th Quarter | 69,161,093.60 |
| 1. Appropriations | |
| **1.1 Profit required to be appropriated to:** | **15,907,051.53** |
| a. General Reserve | 13,832,218.72 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 691,610.94 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 1,383,221.87 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | |
| **Net Profit for the period end 4th Quarter available for distribution** | **53,254,042.07** |

**Notes**

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3. Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.
4. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison
5. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
6. Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४( नियम २६ को उपनियम (१) संग सम्बन्धित )

## आ.व. २०८२/८३कोचौथोत्रैमासिक प्रतिवेदन

१.वित्तीय विवरण :

(क)वित्तीय संस्थाको आ.व.२०८२/८३ कोचौथोत्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com.npमा पनि राखिएको छ।

(ख)प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २८.०२ | ४०.१७ | १७८.८७ | १७८६.७१ | ४.९६ |

२. व्यवस्थापकिय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : समीक्षा अवधिमावित्तीय संस्थाको कारोवारकोबृद्धिसंगै सदस्य सँख्या, लगानीमा रहिरहेको कर्जा बचत कारोवार, आम्दानी र तरलतामा परिवर्तन भएको छ। गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीवृद्धि तथा व्याज खर्चमा कम हुन गई सञ्चालन मुनाफामा वृद्धि भएको छ। समीक्षा अवधिको कर्जा बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रियस्तर कार्य क्षेत्र भएकोयस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२वटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ। संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना ब्यवसाय संचालनका लागि विशेष गरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ। लघुवित्तको पहुँच नपुगेको जिल्ला तथा ग्रामीणक्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ। अगामी अबधिको व्यवसायिक योजनामा व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राखिनुको साथै कर्मचारीको उत्पादकत्व बृद्धि गर्न र ग्राहकमैत्री कार्यक्रम संचालनका लागि तालिम कार्यक्रलाई जोड दिईनेछ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :बर्तमान परिस्थितिमा वैक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको भएता पनि लघुवित्त वित्तीय बजारमा श्रोतको परनिर्भरता,लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, कर्मचारीहरुवाट छिटो छिटो संस्था परिवर्तन गर्ने, लघुवित्त वित्तीय संस्था विरुद्धका विभिन्न गतिविधि जस्ता कुराहरुले असर गर्न सक्ने भएता यस्ता घट्ना बाट पर्न सक्ने असरबाट सचेत भई संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समाधान गर्दै लैजाने योजना रहेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धि कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १३९० | ११०५.८० | ११२५.६० | ६४ | ८९९८३ |

५. समस्या तथा चुनौती :

राष्ट्रिय तथा विश्व अर्थतन्त्रमा आएको संकुचन, मध्यपूर्वमा भएको दुन्द्धको कारण सृजित समस्याले ऋणीहरुको व्यवसाय तथा आयआर्जन खुम्चिएकोले लघुवित्त क्षेत्रको असुली तथा मुनाफा आगामी दिनमा अझ बढी प्रभावित हुन सक्ने अनुमान गर्न सकिन्छ। ऋणीहरुको कर्जामा दोहोरोपना/बहुपना र हाल लघुवित्त क्षेत्र विरुद्ध संघर्ष समितिको नामबाट भएका विभिन्न अवान्छित कृयाकलापहरुले गर्दा कर्जा असुलीमा समस्याहरु छन। त्यस्तैलघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव, तरलता अभाव, नियामक निकायबाट नीति नियमहरुमा हुने परिवर्तन र उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु समाना गर्नु परेको छ।

६. संस्थागत सुशासन :

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधी प्रणाली निर्देशिका, जोखिम ब्यवस्थापन नीति, कर्जा नीति,आन्तरिक लेखा परीक्षण नीति,ग्राहक पहिचान कार्यविधि,लगानी नीति नगद कारोवार व्यवस्थान निर्देशिका सम्पति दायित्व ब्यवस्थापन निर्देशिका,कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्वन्धि कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि,कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधिआदि नीतिनियम तथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु,कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना र जानकारीहरु लुकाईएको छैन।

# ट्राफिक सचेतनासँगै चालक सह-चालकको स्वास्थ्य परीक्षण

**अनिल नेपाली**
*अर्घाखाँची*

सडक सुरक्षा तथा ट्राफिक सचेतना कार्यक्रमअन्तर्गत अर्घाखाँचीको सन्धिखर्क बसपार्कमा चालक तथा सहचालकहरूको स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ। जसमा ११४ जनाले प्रत्यक्षमा रूपमा लाभान्वित भएका छन् । जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीको आयोजना तथा सन्धिखर्क नगरपालिकाको सहयोगमा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको हो। सवारी चालक तथा सहचालकको स्वास्थ्य अवस्था सवारी सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिने भएकाले स्वास्थ्य परीक्षणसँगै सडक सुरक्षा तथा ट्राफिक नियमसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। स्वास्थ्य परीक्षण कार्यक्रम दिनभर बसपार्कमा सञ्चालन हुने जनाइएको छ । आयोजकले जिल्लामा सञ्चालन हुने सार्वजनिक तथा अन्य सवारीका सम्पूर्ण चालक तथा सह-चालकलाई कार्यक्रममा सहभागी भई स्वास्थ्य परीक्षण गराउन आग्रह गरेको छ।

सवारी चालकको स्वास्थ्य अवस्था स्वस्थ र सुदृढ रहँदा सडक दुर्घटना न्यूनीकरणमा समेत महत्वपूर्ण योगदान पुग्ने भएकाले कार्यक्रमलाई प्रभावकारी बनाउन सबै चालक तथा सहचालकको सहभागिता आवश्यक रहेको कार्यालय प्रमुख लिल ब कुँबरको भनाइ रहेको छ । स्वास्थ्य परीक्षणका क्रममा सुगर, रक्तचाप तथा आँखाको परीक्षण गरिँदैछ। कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका कार्यालय प्रमुख दुर्गा न्यौपाने लगायतले मन्तव्य राख्दै सवारी चालक तथा सहचालकको स्वास्थ्य अवस्था सवारी सुरक्षाको महत्वपूर्ण पक्ष भएकाले नियमित स्वास्थ्य परीक्षण आवश्यक रहेको बताउनु भयो।

उनीहरूले चालक स्वस्थ र मानसिक तथा शारीरिक रूपमा सक्षम भएमा सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने भन्दै ट्राफिक नियमको पूर्ण पालना गर्न समेत आग्रह गरेका छन् । कार्यक्रममा चालक तथा सहचालकलाई सडक सुरक्षा, ट्राफिक नियमको पालना, सुरक्षित यात्राका उपाय तथा सवारी चलाउँदा स्वास्थ्यमा ध्यान दिनुपर्ने विषयमा समेत सचेत गराइएको थियो । शिविर उद्घाटन कार्यक्रम प्रहरी नायव उपरीक्षक दिवस जिसीको अध्यक्षता, यातायात व्यवसायी प्रेम पाण्डेको स्वागत मन्तव्य र कुशल भुसालको सञ्चालनमा सम्पन्न भएको हो । कार्यक्रममा यातायात व्यवसायीसंगै चालक तथा सह-चालकहरुको उपस्थिति रहेको थियो । शिविरमा अधिकाश चालक सहचालकमा प्रेसर सुगर मोटोपनलगायतका समस्या देखिएको ट्राफिक प्रहरीका हल्वदार तथा सुचना अधिकारी कृष्णप्रसाद मरासिनीले बताए।

## शाइन भिजन मिट-२०२६ :

# उत्कृष्ट कार्यसम्पादन गरेका कर्मचारी सम्मानित




बुटवल । शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले हरेक वर्ष आयोजना गर्दै आएको 'शाइन भिजन मिट' अन्तर्यत संस्थागत विकास, व्यवसाय विस्तार र नेतृत्वदायी भूमिकामा उत्कृष्ट योगदान पुऱ्याउने आफ्ना उच्च व्यवस्थापन तहका कर्मचारीलाई सम्मान गरेको छ।

बैंकले आयोजना गरेको 'शाइन भिजन मिट २०२६' मा प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्रकाश पौडेल ले बैंकको कार्यकारी टोली, विभागीय प्रमुख, क्षेत्रीय प्रमुख तथा विभिन्न युनिटका इन्चार्जहरूलाई सम्मान गरेका हुन्।

बैंकका अनुसार संस्थाको लक्ष्यलाई कार्यान्वयनमा लैजान, टोलीलाई प्रभावकारी नेतृत्व प्रदान गर्न तथा बैंकको समग्र व्यवसाय र सेवा प्रवाहलाई थप सुदृढ बनाउन नेतृत्व तहका कर्मचारीले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

कार्यक्रममा नेतृत्वको भूमिका निर्णय गर्ने तहमा मात्र सीमित नरहेको उल्लेख गर्दै सिईओ पौडेलले संस्थाको भावी दिशा तय गर्ने, कर्मचारीलाई प्रेरित गर्ने, जिम्मेवारीको स्वामित्व लिने र संस्थाको योजनालाई परिणाममा रूपान्तरण गर्ने नेतृत्व नै संगठनको सफलताको आधार भएको बताएका थिए।

बैंकले 'उत्कृष्टताको संस्कृति' निर्माण गर्दै संस्थागत लक्ष्य प्राप्तितर्फ अघि बढिरहेको जनाएको छ । नेतृत्व तहका कर्मचारीको प्रतिबद्धता, कार्यसम्पादन र सामूहिक प्रयासले बैंकको व्यवसायिक क्षमता थप बलियो बनाउँदै लगेको बैंकको भनाइ छ । सम्मान कार्यक्रममा बैंकको आगामी यात्रालाई अझ प्रभावकारी, परिणाममुखी र ग्राहककेन्द्रित बनाउने विषयमा समेत जोड दिइएको थियो। नेतृत्व तहबाट देखाइएको जिम्मेवारी र प्रतिबद्धताले बैंकका अन्य कर्मचारीलाई समेत उत्कृष्ट कार्यसम्पादनका लागि प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ।

बैंकले नेतृत्व, सहकार्य र जिम्मेवारीलाई संस्थागत विकासको मुख्य आधार बनाउँदै दीर्घकालीन लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

कार्यक्रममा सम्मानित नेतृत्वलाई बधाई दिँदै बैंकले उनीहरूको योगदान संस्थाको आगामी यात्राको अभिन्न हिस्सा रहेको जनाएको छ । बैंकले टुगेदर : वी लिड, वी ग्रो वी शाइन ब्राइटर भन्ने भावनासहित सामूहिक नेतृत्व र संस्थागत विकासलाई अघि बढाउने सन्देश दिएको छ।

बैंकले आयोजना गरेको शाइन भिजन मिट २०२६' चार कर्मचारीलाई 'को-पाइलट अवार्ड'ले सम्मान गरिएको छ । जिम्मेवारीप्रतिको समर्पण, संस्थागत स्वामित्व, टिमवर्क तथा बैंकको लक्ष्य प्राप्तिमा पुऱ्याएको योगदानको कदर गर्दै चार कर्मचारीलाई अवार्ड प्रदान गरिएको हो।

'द को-पाइलट अवार्ड' प्राप्त गर्नेमा बैंकका प्रमुख वित्त अधिकृत भुवनप्रसाद पन्थ, प्रमुख कानुनी/अनुपालन अधिकृत अधिवक्ता गोपाल खनाल, रिटेल हेड-डिपोजिट एन्ड क्रेडिट नम्रता थापा तथा जुनियर असिस्टेन्ट (टेक्निसियन) लोकनाथ मरासिनी रहेका छन्।

यस्तै स्टार ब्रान्च म्यानेजर अफ द रिजन अन्तर्गत पाँच क्षेत्रका शाखा प्रमुख सम्मानित भएका छन् । केन्द्रीय क्षेत्रको बुटवल शाखाका सचिन श्रेष्ठ, काठमाडौं क्षेत्रको कमलादी शाखाका मनोजकुमार श्रेष्ठ, भैरहवा-परासी क्षेत्रको भैरहवा शाखाकी ममता कुमारी, अपर क्षेत्रको गुल्मी अमराई शाखाका सन्तोष घिमिरे तथा पश्चिम क्षेत्रको तुलसीपुर शाखाका दीपेन्द्रबहादुर थापा सम्मानित भएका हुन्।

त्यस्तै, बैंकको कर्जा असुली तथा रिकभरी कार्यमा उत्कृष्ट योगदान पुऱ्याउने नारायणगढ शाखाका दिनेश पन्त र घोराही दाङ शाखाका गणेश बी.सी. लाई रिकभरी स्टारको सम्मान प्रदान गरिएको छ। ग्राहक सेवा तथा नियामकीय अनुपालनतर्फ उत्कृष्ट कार्यसम्पादन गरेकी कर्पोरेट कालिकानगर शाखाकी अञ्जली के.सी. लाई कस्टुमर एक्सीलेन्स एण्ड कम्प्लेन स्टारबाट सम्मान गरिएको बैंकले जनाएको छ।

बैंकका अनुसार संस्थाको समग्र उद्देश्यलाई व्यवहारमा उतार्न नेतृत्व तहदेखि कार्यान्वयन तहसम्मका कर्मचारीले देखाएको जिम्मेवारी, सहकार्य र निरन्तर प्रयासलाई सम्मान गर्ने उद्देश्यले अवार्ड प्रदान गरिएको हो । शाइन रेसुंगा डेभलपमेन्ट बैंक रुपन्देहीमा केन्द्रीय कार्यालय रहेको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो। उत्कृष्ट र कुशल व्यवस्थापनका कारण बैंकले निरन्तर अन्तर्राष्ट्रियस्तरमा उत्कृष्ट विकास बैंक अवार्ड जित्दै आएको छ।

# युवा दिवसमा बुटवलमा सरसफाइ



बुटवल । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बुटवलमा पार्क सरसफाइ तथा वातावरण संरक्षण कार्यक्रम गरिएको छ । 'हरित पृथ्वीका लागि युवा सहभागिता' भन्ने नारासहित लायन्स क्लब अफ बुटवल सेन्ट्रल र लियो क्लब अफ बुटवल सेन्ट्रलको आयोजनामा कार्यक्रम गरिएको हो।

बुटवल उपमहानगरपालिका-३ स्थित गोलपार्क क्षेत्रमा निर्माण गरिएको डिभाइडरको हरियाली क्षेत्रमा सरसफाइ गर्नुका साथै त्यहाँ रोपिएका बिरुवाको काँटछाँट गरिएको थियो । कार्यक्रममा लायन्स तथा लियो क्लबका पदाधिकारी, सदस्य र युवाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा लायन्स इन्टरनेशनल ३२५ पी नेपालका पीडीजी एमजेएफ पुरुषोत्तम भक्त प्रधानाङ्ले वातावरण संरक्षण र सामाजिक सेवामा युवाको सक्रिय सहभागिता आवश्यक रहेको बताए। उनले सार्वजनिक स्थानको सरसफाइ र हरियाली संरक्षणलाई अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।

लायन्स इन्टरनेशनल ३२५ पी नेपाल रिजन ११ की रिजन चियरपर्सन रीतु गुरुङले युवाहरूलाई सामाजिक सेवासँग जोड्दै वातावरण संरक्षणमा उनीहरूको भूमिका बढाउनुपर्ने बताइन् । उनले सरसफाइ तथा हरियाली संरक्षणजस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने धारणा राखिन्।

लायन्स इन्टरनेशनल ३२५ पी नेपालका जोन चियरपर्सन थानेश्वर अर्यालले वातावरण संरक्षण सबैको साझा दायित्व भएको बताए । सार्वजनिक स्थलको सरसफाइसँगै संरक्षण र नियमित हेरचाहमा पनि ध्यान दिनुपर्ने उनको भनाइ थियो।

लायन्स क्लब अफ बुटवल सेन्ट्रलका पूर्वअध्यक्ष तथा लायन्स इन्टरनेशनल ३२५ पी नेपालका डेपुटी ट्रेजरर बलदार गोदारले सामाजिक सेवामार्फत् समुदायमा सकारात्मक परिवर्तन ल्याउन सकिने बताए । उनले लायन्स अभियानलाई वातावरण संरक्षण र युवाको सहभागितासँग जोडेर अघि बढाउनुपर्नेमा जोड दिए।

कार्यक्रमको अध्यक्षता गरेका लायन्स क्लब अफ बुटवल सेन्ट्रलका प्रथम उपाध्यक्ष उमेशचन्द्र शर्माले युवाको ऊर्जा र सहभागितालाई सामाजिक तथा वातावरणीय अभियानमा उपयोग गर्नुपर्ने बताए। उनले सार्वजनिक स्थलको संरक्षणमा सबैको निरन्तर सहयोग आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रम संयोजक लायन्स क्लब अफ बुटवल सेन्ट्रलका तृतीय उपाध्यक्ष रामबहादुर रसाइलीले अन्तर्राष्ट्रिय युवा दिवसलाई वातावरण संरक्षणसँग जोडेर कार्यक्रम आयोजना गरिएको बताए। उनका अनुसार युवालाई सामाजिक उत्तरदायित्व र वातावरण संरक्षणप्रति सचेत गराउने उद्देश्यले गोलपार्क क्षेत्रमा सरसफाइ तथा बिरुवाको काँटछाँट गरिएको हो।

कार्यक्रम सञ्चालन लायन्स क्लब अफ बुटवल सेन्ट्रलका सचिव हिमाल खनालले गरेका थिए । कार्यक्रममा सहभागीहरूले गोलपार्क क्षेत्रको डिभाइडरमा रहेका हरियाली क्षेत्रमा सरसफाइ गर्नुका साथै बिरुवाको काँटछाँट गरी क्षेत्रलाई व्यवस्थित बनाएका थिए।

# नेपालको विदेश नीति कसले चलाउँदै छ ? : कांग्रेस



बुटवल । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले प्रधानमन्त्री वालेन्द्र शाहले चार महिना अघि आफैँले सुरु गर्नु भएको स्व-प्रतिबन्धात्मक कूटनीति आफैले भङ्ग गरेको टिप्पणी गरेका छन्।

प्रधानमन्त्री बालेनले राजनीतिक स्टण्टलाई कूटनीतिक क्षेत्रमा पनि प्रयोग गरेको उनको भनाइ छ।

उनले भनेका छन्-'त्यो न नियम थियो, न कूटनीतिक चातुर्यता, न आवश्यकता, न त देश को हितमा, न त अरूको विरोध। थियो के ? मात्र लहड, उत्सुकता, परीक्षण वा अन्य केही अझ नेपालमा चलन चल्तीको भाषामा स्टण्ट। राजनीतिमा निकै चर्चित रहेको स्टण्ट अव कूटनीतिक क्षेत्रमा पनि विस्तार हुँदै छ।' उनले प्रधानमन्त्रीको स्टण्टकै कारणले भारतीय विदेश सचिव विक्रम मिस्रीको प्रस्तावित नेपाल भ्रमण स्थगित भएको स्मरण गरेका छन् । उनले थपेका छन्-'केही समय अघि दक्षिण मध्य एसियाकालागि अमेरिकी राष्ट्रपतिका विशेष दूत सर्जिओ गोर, अमेरिकी उप विदेशमन्त्री सारा वी. रोजर्सले यही स्व-प्रतिबन्धात्मक कूटनीति कै कारण नभेटी फर्किए। तर केही महिनापछि रास्वपाका सभापति र प्रमका विशेष दूतले भने भारतका उच्चाधिकारीसँग भारतमै गएर भेटे।'

राजदूतहरूसँग सामूहिक भेट मात्र गर्ने नीति लिएका प्रधानमन्त्रीले भारतीय र चिनिया राजदूतसँग एक्लाएक्लै भेट गरेको विषयलाई जनताले हेरिरहेको बताए। उनले भनेका छन्-'चार महिनासम्म कूटनीतिक सम्पर्क सीमित गरेर अन्तिममा त्यही माध्यममा फर्किनु पर्छ भने रणनीतिक उपलब्धि के भयो ? यो केवल भ्रमणमा सीमित छैन। नीतिमा समेत अनिश्चितता र अस्थिरता देखिएको छ। यसबाट नेपालको विदेश नीति कसले चलाउँदै छ ? सरकारको संस्थागत संयन्त्रले कि प्रधानमन्त्रीको व्यक्तिगत शैलीले ? कि सत्तारूढ दलको राजनीतिक कूटनीतिले ?'

# बुटवलमा अन्तर्राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिता हुने



बुटवल । बुटवलमा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता आयोजना गरिने भएको छ। साउन २५-२६ गते मदन भण्डारी स्पोर्टस एकेडेमीको बुटवलमा बसेको ११ औ पूर्ण बैठकले मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङशिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ गर्ने निर्णय गरेको क्लबले जनाएको छ।

प्रतियोगिता आगामी असोज १२ देखि १७ गतेसम्म गर्ने जनाइएको छ। बुटवल मण्डपमा हुने प्रतियोगितामा नेपालका ३ सहित भारत, चीन, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेशबाट टिम सहभागिता गराउने निर्णय गर्दै तयारी अगाडि बढाएको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताए। 'नेपालमै पहिलो पटक यो स्तरको भलिबल हुन लागेको छ', उनको दाबी छ। यसअघि क्लबले ईण्डो नेपाल भलिबल प्रतियोगिता सम्पन्न गरेको थियो।

यस पटक थप परिमार्जित गर्दै प्रतियोगिताको दोस्रो संस्करणलाई अन्तर्राष्ट्रिय स्तरको गर्न लागेको उनले बताए। प्रतियोगिताको उपाधि विजेतालाई नगद ७ लाख रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ।

प्रतियोगिताको द्वितीय टिमलाई ३ लाख ५० हजार, तृतीय टिमलाई १ लाख ७५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ।

यसैगरी सान्त्वना टिमलाई ७५ हजार रुपैयाँ, विधागत रूपमा प्लेयर अफ दी म्याच १ लाख, सर्वोत्कृष्ट खेलाडीलाई नगद १५ हजार रुपैयाँ, उत्कृष्ट स्पाईकर, सेटर, सर्वर, कोच, बल्कर, डिफेन्सलाई क्रमशः ८ हजार रुपैयाँ, कप, मेडलबाट पुरस्कृत गरिने छ।

करिब १२८ जना खेलाडी, १५० अफिसियल सहभागी हुने प्रतियोगितामा १ करोड १८ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको रहेको छ। बैठकबाट एकेडेमीको प्रदेश संरचनालाई प्रभावकारी र सक्रिय बनाउने निर्णय गर्दै केन्द्रीय कमिटीमा फेरबदल गरिएको छ। जसअनुसार वरिष्ठ उपाध्यक्ष मोहन रेग्मी, उपाध्यक्ष झकबहादुर मिदुन, महासचिव मदन उप्रेती, उपमहासचिव चन्द्र बदना राई, रामबहादुर केसी, सचिव उदय अर्याल, निलम बज्राचार्य, विनोद आचार्य, नन्दु काउचा, कोषाध्यक्ष कमल ढकालको जिम्मेवारी दिइएको छ । यसैगरी सदस्यहरूमा सिरिशा कार्की (रुपन्देही), अमरावती राना (सुदूरपश्चिम), राजीव राना, शिवराज राना (सुदूरपश्चिम), ऋषिराम गौतम (गण्डकी), अनन्त श्रेष्ठ (गण्डकी) र राजेश महतो (मधेश प्रदेश) लाई जिम्मेवारी प्रदान गरिएको छ।

यसैगरी कोशी प्रदेशको संयोजक उदयकुमार अर्याल, मधेश प्रदेश अध्यक्षमा रविन्द्रराज भण्डारी, बागमती प्रदेश रामबहादुर केसी, लुम्बिनी प्रदेश संयोजक बुद्धि बस्याल, गण्डकी प्रदेशको अध्यक्ष गिरमान गुरुङ, कर्णाली प्रदेशका अध्यक्ष गोपाल बहादुर शाही र सुदूरपश्चिम प्रदेशका संयोजक ज्ञानुराज दगौरालाई जिम्मेवारी दिइएको छ।

**डाक्टर...**

क्षेत्रमा राजनीतिक हस्तक्षेप र कमजोर व्यवस्थापनको प्रत्यक्ष असर सर्वसाधारणको जीवनमा पर्न सक्छ।

'जिल्लाको अस्पतालमा उपचार नपाएर बाहिर जानुपर्ने हो भने सरकारी अस्पतालको औचित्य के?' स्थानीयको प्रश्न छ।

**बाहिर उपचार गराउनुपर्ने बाध्यताले बढायो आर्थिक भार**

जिल्ला अस्पतालमा आवश्यक सेवा नहुँदा बिरामीले उपचारका लागि दाङ, बुटवल वा काठमाडौं पुग्नुपर्ने अवस्था आएको छ । सामान्य आर्थिक अवस्था भएका परिवारका लागि समेत जिल्लाबाहिर उपचार गराउनु ठूलो आर्थिक बोझ हो । झन् आकस्मिक अवस्थामा एम्बुलेन्स, औषधि, परीक्षण, अस्पतालको शुल्क, खाना र बसोबासको खर्च थपिँदा परिवारको आर्थिक अवस्था नै प्रभावित हुने गरेको स्थानीय बताउँछन्।

गर्भवती महिलालाई प्रसूतिको अन्तिम समयमा जिल्ला बाहिर लैजानुपर्ने अवस्था आउँदा जोखिमसँगै खर्च पनि बढ्ने गरेको छ। ग्रामीण क्षेत्रका परिवारका लागि यस्तो यात्रा झन् कठिन हुने गरेको छ।

**तत्काल चिकित्सक व्यवस्थापनको माग**

स्थानीयवासीले जिल्ला अस्पतालमा तत्काल आवश्यक विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न माग गरेका छन्। विशेषगरी प्रसूति शल्यक्रिया, फिजिसियन, बालरोग, एनेस्थेसिया तथा आकस्मिक उपचारका लागि आवश्यक जनशक्ति तत्काल उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ।

अस्पतालमा विशेषज्ञ चिकित्सकको दीर्घकालीन व्यवस्था नहुन्जेल वैकल्पिक रूपमा करार, काज वा अन्य माध्यमबाट भए पनि जनशक्ति व्यवस्थापन गर्नुपर्ने स्थानीयको भनाइ छ। साथै, चिकित्सक फिर्ता हुने जानकारी हुँदाहुँदै पनि समयमै विकल्प खोज्न नसकिएको विषयमा अस्पताल प्रशासन र सम्बन्धित सरकारी निकायले जवाफ दिनुपर्ने मागसमेत उठेको छ।

जिल्ला अस्पताल जस्तो संवेदनशील स्वास्थ्य संस्थामा चिकित्सक अभावलाई सामान्य प्रशासनिक समस्या मानेर पन्छाउन नहुने स्थानीयको भनाइ छ । अस्पतालमा आउने बिरामीले आधारभूत उपचारदेखि आकस्मिक तथा शल्यक्रिया सेवासम्म जिल्लामै पाउने वातावरण बनाउनुपर्ने उनीहरूको माग छ।

प्यूठानका नागरिकका लागि जिल्ला अस्पताल उपचारको अन्तिम भरोसाको संस्था हो। यही अस्पतालमा चिकित्सक र आवश्यक सेवा नहुँदा सर्वसाधारणले निजी अस्पताल वा जिल्ला बाहिरका स्वास्थ्य संस्थाको महँगो उपचारमा निर्भर हुनुपर्ने अवस्था रहिरहेमा यसको सबैभन्दा ठूलो भार आर्थिक रूपमा कमजोर नागरिकमाथि पर्नेछ।

त्यसैले तत्काल चिकित्सक व्यवस्थापन गर्नुका साथै अस्पतालको जनशक्ति, नेतृत्व, सेवा सञ्चालन र भविष्यको योजना स्पष्ट पार्नुपर्ने आवश्यकता देखिएको छ। विशेषज्ञ जनशक्ति फिर्ता हुने जानकारी हुँदाहुँदै पनि समयमै वैकल्पिक व्यवस्था गर्न नसक्नुको जिम्मेवारी कसले लिने भन्ने प्रश्नको जवाफसमेत सम्बन्धित निकायले दिनुपर्ने देखिन्छ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

**आइडिया**
डिजाइनर्स/अफसेट प्रेस

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com